# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र


गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १गुलरिया, पौष २५ गते, २०७९ साल


## भाग-२

**गुलरिया नगरपालिका नगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमगुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७९/०९/२४ माजारि गरेको **कार्यविधि**/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिमप्रकाशनगरिएको छ।

संवत २०७९ सालको कार्यविधि न. ०२

**साना सवारी साधन(व्यवस्थापन तथा नियमन) कार्यविधि, २०७९**

**आज्ञाले**
**सुरेश सुनार**
**प्रमुख प्रशासकीय अधिकृत**

# साना सवारी साधन (व्यवस्थापन तथा नियमन)कार्यविधी,२०७९

**प्रस्तावना :-**

सवारी दुर्घटना रोकथाम गर्न,दुर्घटनाबाट पिडित पक्षलाई क्षतिपुर्ति दिलाउन,विमा व्यवस्थापन गर्न तथा समग्र साना सवारी यातायात क्षेत्रको व्यवस्थापन गरी सर्वसाधारणलाई सरल एवम् शुलभ यातायात सुविधा उपलब्ध गराउन र यातायात सेवालाई सुढृढ तथा प्रभावकारी बनाउन बाञ्छनिय भएकाले,

नेपालको सविधान २०७२ को अनुसुची ९ को साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड ट(४) र दफा १०२ को उपनियम २ बमोजिम यो कार्यविधी जारी गरी लागु गरिएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

क. यस कार्यविधिको नाम गुलरिया नगरपालिका तिनप्राङ्गे सवारी साधन व्यवस्थापन कार्यविधि २०७९ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :- विषय र प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यपालिका भन्नाले गुलरिया नगरकार्यपालिकालाई सम्झनुपर्छ ।

ख. प्रमुख प्रशासकिय अधिकृत भन्नाले गुलरिया नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

ग.साना सवारी साधन भन्नाले तीन प्राङ्ग्रे अटोरिक्सा, ईलेक्ट्रिक रिक्सालगायतका तीन पाङ्ग्रे सवारी साधन सम्झनुपर्छ ।

घ. दर्ता प्रमाण पत्र भन्नाले साना सवारी साधन चालउन पाउने इजाजत पत्र भन्ने सम्झनुपर्छ ।

ङ. सवारी धनि भन्नाले सवारी दर्ताको प्रमाणपत्र मा सो सवारीको धनि भनी लेखिएको व्यक्त्ति,फर्म,कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनुपर्छ ।

च. सवारी चलाउने ईलाका भन्नाले गुलरिया नगरपालिका क्षेत्र भित्र रहेका पक्की तथा ग्राभेल सडक क्षेत्र सम्झनुपर्छ ।

छ. यातायात कार्यालय भन्नाले प्रदेश सरकार मातहतको यातायात व्यवस्था कार्यालय सम्झनुपर्दछ ।

ज. कार्यालय भन्नाले गुलरिया नगरपालिका र नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु सम्झनपर्दछ

## परिच्छेद — २
## सवारी दर्ता सम्वन्धी व्यवस्था

३. सवारी दर्ता गराउन निवेदन दिनुपर्ने:- (१) साना सवारी साधन खरिद गर्ने वा विदेशवाट पैठारी गर्ने व्यक्ति,फर्म,कम्पनी वा सवारी विक्री वितरण गर्ने एजेन्टले खरिद गरेको वा पैठारी गरी नेपाल भित्र भन्सार तिरी ल्याएको रसिद, विल, प्रज्ञापन पत्र तथा तेस्रो पक्ष विमा कागजात सहित ३५ दिनभित्र **अनुसुची १** वमोजिमको ढाँचामा निवेदन दिइ गुलरिया नगरपालिकाको कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

४. सवारी दर्ता सम्वन्धि प्रक्रिया:(१)दफा ३ वमोजिम दर्ता भएको निवेदन उपर छानविन गरी सिफारिस गर्न तपशील वमोजिमको सिफारिस समिति रहनेछ:

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी | अध्यक्ष |
| अधिकृत स्तरको प्राविधिक कर्मचारी | सदस्य |
| राजस्व शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा १ वमोजिमको समितिको सिफारिसका आधारमा राजस्व शाखा प्रमुखले **अनुसुची २** वमोजिमको ढाँचामा सवारी दर्ता प्रमाणपत्र उपलव्ध गराउनुपर्नेछ ।

(३) उपदफा २ वमोजिम जारी गरिएको प्रमाणपत्र प्रत्येक वर्षको श्रावण मसान्त भित्र **अनुसुची ३** वमोजिमको ढाँचामा निवेदन दिइ नविकरण गराइसक्नुपर्नेछ । तर पाँच वर्ष सम्म नविकरण नगरेमा सवारी दर्ता स्वत: खारेज हुनेछ ।

(४) यस दफा वमोजिम दर्ता हुने साना सवारी साधनको दर्ता शुल्क, नविकरण शुल्क तथा जरिवाना दस्तुर गुलरिया नगरपालिकाको आर्थिक ऐन वमोजिम हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि महिलाको नाममा दर्ता हुने सवारी साधनमा दर्ता शुल्कमा १५ प्रतिशत छुट दिइनेछ ।

५. सवारी दर्ता नम्वर:- (१) दर्ता भएका साना सवारी साधनको दर्ता नम्वर गु न पा ०००१ वाट क्रमश सुरु गरिनेछ ।

६. सवारी दर्ता नम्वर प्लेट :- (१) साना सवारीको दर्ता नम्वर प्लेट नेपाल सरकरले तोके वमोजिम नै तपशील वमोजिम हुनेछ ।

क. भाडा सवारी साधन भए कालो प्लेटमा सेतो अक्षर हुनेछ ।

ख. निजी सवारी साधन भए रातो प्लेटमा सेतो अक्षर हुनेछ ।

ग सरकारी सवारी साधन भए सेतो प्लेटमा रातो अक्षर हुनेछ ।

(२) एक किसिमको सवारी साधनलाइ अर्को किसिमको सवारी साधनमा वदल्नुपरेमा नयाँ खरिद गरे सरहको कार्यविधि अपानाइनेछ ।

७. सवारीको दर्ता मान्यता :-(१) गुलरिया नगरपालिका भित्र दर्ता भएको सवारी साधनलाई मात्र मान्यता दिईनेछ । तर अन्य सरकारी निकायमा दर्ता भई यस नगरपालिकामा सञ्चालनको लागि निवेदन दिन आएमा नयाँ दर्ता सरहको प्रक्रिया अपनाइ नम्बर कायम गरिदिनुपर्नेछ ।
(२) यस नगरपालिकामा सवारी दर्ता नगरी यस नगर क्षेत्र भित्र सवारी चलाउन पाईनेछैन । तर यातायात कार्यालयमा दर्ता भएको डिजेल/पेट्रोल वाट चल्ने साना सवारी साधनको हकमा गुलरिया नगरपालिकामा अनिवार्य रुपमा सुचिकृत भइ दफा १५ वमोजिमको वाटो इजाजत लिनुपर्नेछ ।

८. ठाउँसारी वा नामसारी सम्बन्धी व्यवस्था :-(१)गुलरिया नगरपालिकाले आफ्नो क्षेत्रमा सवारी ठाउँसारी गरि आउन वा अन्यत्र जान सहमति दिन सक्नेछ । ठाउँसारी सम्वन्धि प्रक्रिया नयाँ दर्ता सरह हुनेछ ।
(२)नामसारीको लागी नामसारी गराउनुपर्ने सवारी साधनको नविरकण र नामसारी वापत तोकिएको शुल्क तिरी **अनुसुची** ४ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

## परिच्छेद — ३
## विविध

९ सिटभन्दा बढी यात्री राख्न नहुने :- सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्री राखी चलाउन हुदैन ।

१०. ट्राफिक संकेतको पालना गर्नुपर्ने :- चालकले सवारी चलाउदा ट्राफिक संकेतको पालना गरी सवारी चलाउनुपर्छ ।

११. सवारीको बीमा गराउनुपर्ने :- सवारी धनी वा व्यवस्थापकले प्रत्येक सवारी तथा यात्रीको तेस्रो पक्ष बीमा अनिवार्य रुपमा गराउनुपर्नेछ ।

१२. सवारी साधनको लागत कट्टा :- दर्ता भएका सवारी साधन प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य कारणवाट सवारी साधन काम नलाग्ने गरी क्षतीग्रस्ट भई सम्बन्धित व्यक्ति,फर्म,कम्पनी वा एजेन्टले निवेदन दिन आएमा नविकरण गर्न बाँकी भए नविकरण दस्तुर बुझाउन लगाई सवारी साधनको लागतकट्टा गर्न सक्नेछ ।

१३. जरिवाना सम्वन्धी व्यवस्था :- यस कार्यविधि वमोजिम तोकिएको समयमा नयाँ दर्ता तथा नविकरण नगरेमा गुलरिया नगरपालिकाको आर्थिक एनले तोकेवमोमिको दरमा प्रथम १ महिना सम्मको अवधिको लागी १० प्रतिशत, दोस्रो १ महिना सम्मको अवधिको लागी २० प्रतिशत र सो भन्दा वढी अवधि समय नाघेमा शतप्रतिशत जरिवाना लाग्नेछ ।

१४. दर्ता रजिस्टर राख्नुपर्ने : कार्यालयवाट तोकिएको ढाँचामा नयाँ दर्ता, नामसारी, ठाउँसारीतथा लगत कट्टा लगायतको व्यवस्थित अभिलेख राखिनेछ ।

१५. बाटो ईजाजत तथा सवारी भाडा:-(१) वाटो इजाजत वा सवारी चलाउन पाउने इलाका सवारी दर्ता वा नविकरण गर्दाको समयमा मागेवमोजिम तथा कार्यालयले जनताको सुविधालाइ मध्यनजर गर्दै उपलव्ध गराउनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि डिजेल वा पेट्रोलवाट चल्ने साना सवारी साधनको सम्वन्धमा हाललाइ रु १०० लिइ वाटो **अनुसुची ५** वमोजिमको ढाँचामा इजाजत दिइनेछ तर आगामी आ.व देखी गुलरिया नगरपालिकाको आर्थिक एन वमोजिम हुनेछ ।

(४) सवारी भाडा सम्वन्धि व्यवस्था कार्यालयवाट गठन हुने कार्यदलको सिफारिस वमोजिम हुनेछ ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि सवारी धनी वा व्यवस्थापकले बिशेष कामका लागी ईजाजत पत्रमा लेखिए बाहेक अन्यत्र जानुपरेमा निवेदन दिई बढीमा ३ दिन सम्मको लागि निशुल्क र सो भन्दा बढि समय सम्मका लागी प्रती कि.मी. रु १। का दरले दस्तुर लिई **अनुसुची ६** वमोजिमको ढाँचामा पट्के ईजाजत दिन सक्नेछ ।

१६. क्षतिपुर्ति सम्बन्धी व्यवस्था :- तीन प्राङ्ग्रे सवारी साधनवाट तेस्रो पक्षलाई पुग्न सक्ने हानी नोक्सानी सम्बन्धि व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. बाझिएको हदसम्म अमान्य हुने :- यस कार्यविधिमा भएका कुनै प्रावधान नेपालको सविधान, संघ र प्रदेश कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म स्वत:अमान्य हुनेछ ।

**अनुसूची — १**

**(दफा ३ को उपदफा १ सँग सम्वन्धित)**

**साना सवारी दर्ताको निवेदन फाराम**

मिती -

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
गुलरिया नगरपालिका, गुलरिया,बर्दिया

बिषय —साना सवारी दर्ता सम्वन्धमा ।

महोदय,

निम्नलिखित विवरण बमोजिम साना सवारी साधन दर्ता गर्न यो निवेदन पेश गरेको छु/छौ । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउँला ।

१. सवारी धनीको नाम :-
२. सवारीको किसिम :-
३. सवारी निर्माण कम्पनीको नाम :-
४. सवारी बनेको साल :-
५. मोडेल नं. :-
६. सिलिण्डर संख्या :-
७. चेसिन नं. :-
८. हर्ष पावर (सि.सि.):-
९. सवारीको रंग :-
१०. सवारीको सिट/वजन क्षमता :-
११. पेट्रोल/डिजल/व्याट्री:-
१२. खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-
१३. भन्सार तिरेको प्रमाण :-
१४. सवारी खरिद भै आएको मिति :-
१५. सवारी खरिद गरेका बिल प्रमाणहरु :-
१६. प्रयोग :-
१७. चलाउने इलाका :-
१८. विमा कम्पनी/जारी मिति/अन्तिम मिति :

निवेदक —
नाम —
ठेगाना -
दस्तखत —
फोन नं.

अनुसुची २

(दफा ४ को उपदफा२ सँग सम्वन्धित )

<u>साना सवारी दर्ताको प्रमाणा पत्र ढाँचा</u>

गुलरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गुलरिया, वर्दिया

# साना सवारी दर्ता प्रमाण पत्र

नोट :- यो प्रमाणपत्र हराई कसैले भेटाएमा गुलरिया नगरपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

गुलरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गुलरिया, वर्दिया

**साना सवारी दर्ता प्रमाण पत्र**

सवारी को दर्ता नं. :-

सवारीको किसिम :-

दर्ता मिति :-

सवारी धनीको नाम :-

वतन :-

सिट क्षमता :-

विमा अवधि :

| | | |
|---|---|---|
| .................................. | ........................... | .................................................. |
| सवारी धनीको हस्ताक्षर | पेश गर्नेको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |

गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, वर्दिया

## नामसारी भएको

मिति :- ..................................................

सवारी धनीको फोटो

१. नाम,थर :- ..................................................

२. वतन :- ....................................

३. विस्तृत विवरण :- ....................................

................................... ........................... ................................................
सवारी धनीको हस्ताक्षर पेश गर्नेको हस्ताक्षर प्रमाणित गर्नेको हस्ताक्षर

---

गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, वर्दिया

सवारीको विस्तृत विवरण

१. कम्पनीको नाम :-
२. सवारीको मोडेल :-
३. बनेको साल :-
४. सिलिण्डर संख्या :-
५. हर्ष पावर सि.सि. :-
६. च्यासिस नम्बर :-
७. ईन्जिन नम्बर :-
८. सवारीको रङ्ग :-
९. चालक सहित सिट संख्या :-
१०. पेट्रोल,डिजल :-
११. रेडियो छ,छैन :-
१२. खरिद भै आएको मानिस वा कम्पनी :-
१३. प्रयोग :-
१४. चलाउनेको ईलाका :-
१५. भन्सारको निस्सा :-

| प्रमाणपत्र नविकरण तथा वाटो इजाजत विवरण<br>सवारी नम्बर | | | | |
|---|---|---|---|---|
| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | विमा समास हुने मिति | चलाउने इलाका | प्रमाणित गर्ने अधिकृतको हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सवारी धनीले ध्यान दिनुपर्ने कुराहरु :-

१. करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक बर्षको साउन मसान्त सम्ममा दर्ता नविकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद भित्र बुझाई सक्नुपर्नेछ अन्यथा कानुन बमोजिम जरिवाना लाग्नेछ ।

२. प्रमाणपत्र हराएमा,नासिए वा चोरिएमा सवारीधनीले सो कुरा उल्लेख गरी सम्वन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सवारी दर्ता रहेको कार्यालयमा १५ दिन भित्र निवेद दिनुपर्नेछ ।

३. सवारी नम्बरप्लेट राख्दा सार्वजनिक सवारी भएमा कालो प्लेटमा सेतो अक्षर हुनुपर्छ ।

४. यो प्रमाणपत्र हराई कसैले पाएमा गुलरिया नगरपालिका कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु होला ।

५. यस कार्यालयको स्वीकृत दर्ता प्रमाणपत्रमा उल्लेख भएको कुरा फरक पर्ने गरी सवारीको किसिम,सिट क्षमता,रङ्ग,ईन्जिन,चेसिस तथा अन्य पाटपुर्जाहरु परिवर्तन वा हेरफेर गर्नुहुदैन ।

६. एक प्रयोजनको लागी दर्ता भएको सवारी अर्को निम्ति प्रयोग गर्न पाईनेछैन ।

७. सवारी साधन कर तिर्नुपर्ने सवारीहरु नविकरण गर्दा वा सोको प्रतिलिपी लिदा नामसारी गर्दा नम्बर परिवर्तन गर्दा सवारी साधन कर अधावधिक गरेको हुनुपर्छ । साथै नामसारी,नम्बर परिवर्तन,हेरफेर आदि दर्ता सवारी साधन कार्यालयमा ल्याउनुपर्दछ ।

८. दर्ता भएको सवारी कुनै किसिमको नासिएमा वा काम नलाग्ने गरी सधैका लागि विग्रिएमा वा सधैका लागि नेपाल बाहिर लगिएमा सवारीधनीले सो भएको मितिले ३० दिन भित्र दर्ता प्रमाणपत्र साथै राखी सवारीको लागतकट्टा गर्न निवेदन दिनुपर्नेछ ।

९. पाँच बर्षसम्म नविकरण नगरिएमा स्वत: दर्ता खारेज हुने र दर्ता खारेज भएको सवारी नियमानुसार लाग्ने जरिवाना तिरी पुन: दर्ता (शुरु दर्ता)गराउनुपर्दछ ।

**अनुसूची — ३**

**(दफा ४ को उपदफा ३ सँग सम्वन्धित)**

**<u>साना सवारी नविकरण आवेदन फाराम</u>**

मिति-

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु
गुलरिया नगरपालिका, गुलरिया,बर्दिया

बिषय —साना सवारी नविकरण गरिपाउँ ।

महोदय,

निम्नलिखित विवरण बमोजिम साना सवारी साधन नविकरण गर्न यो निवेदन पेश गरेको छु/छौ । पेश गरेको विवरण ठिक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउँला ।

१. सवारी धनीको नाम :-
२. सवारीको किसिम :-
३. सवारी निर्माण कम्पनीको नाम :-
४. सवारी बनेको साल :-
५. मोडेल नं. :-
६. सिलिण्डर संख्या :-
७. चेसिन नं. :-
८. हर्ष पावर (सि.सि.):-
९. सवारीको रंग :-
१०. सवारीको सिट/वजन क्षमता :-
११. पेट्रोल/डिजल :-
१२. खरिद भै आएको व्यक्ति वा फर्मको नाम :-
१३. भन्सार तिरेको प्रमाण :-
१४. सवारी खरिद भै आएको मिति :-
१५. सवारी खरिद गरेका बिल प्रमाणहरु :-
१६. प्रयोग :-
१७. चलाउने इलाका :-

<u>निवेदक —</u>
नाम —
ठेगाना -
दस्तखत -

फोन नं.

**अनुसूची ४**

**(दफा८ को उपदफा २ सँग सम्वन्धित)**

**सवारी नामसारी आवेदन फाराम**

मिति-

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु
गुलरिया नगरपालिकागुलरिया,बर्दिया

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो एकलौटी हकभोग रहेको द.नं. .........च्या.नं.......... भएको अं. ..................... नं. को ....................... लाई मैले/हामीले निम्नलिखित नाम,थर ठेगाना भएको व्यक्ति/व्यक्तिहरुलाई किनाराका विक्री गरी दिएको हुनाले उक्त सवारी दिंदा निजहरुको भागमा नामसारी गरी दिनुहुन अनुरोध गर्दछौ । माथीको व्यहोरामा फरक पारी बिक्री गरेको भएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

| दाँया | बाँया |
|---|---|

विक्री लिलाम/उपहार/ वकस गरी दिने सही
नाम,थर - ..........................................
बर्ष - ..................................................
ठेगाना - .............................................
वडा नं. - ........ टोल - ..........................
फोन नं. - .............................................
बाबु/पतिको नाम - ....................................
बाजेको नाम - ..........................................

उल्लेखित व्यक्तिहरु फर्म/संस्थाबाट मैले/ हामीले खरिद/ लिलाम सकार/उपहार / बकस हकभोग कायम गरी लिएको हो यसमा कुन फरक पर्नेछैन । फरक पारी लेनदेन गरेको हो भने सो नामसारी बदर भएमा कानुन बमोजिम दण्ड सजाय परेमा सहन बुझाउन तरपर छु/छौ ।

| दाँया | बाँया |
|---|---|

खरिद गर्ने/लिलाम सकार गर्ने/उपहार/वकस पठाउनेको सही
नाम,थर - ..........................................
बर्ष - ..................................................
ठेगाना - .............................................
वडा नं. - ........ टोल - ..........................
फोन नं. - .............................................
बाबु/पतिको नाम - ....................................
बाजेको नाम - ..........................................

पेश भएको कागजपत्रहरु :-
१. लिनेदिने दुबैको नाम,ठेगाना :-
क. दिनेको जिल्ला ........................................ नागरिकता नं. - ................................
ख. लिनेको जिल्ला ........................................ नागरिकता नं. - .....................................

२. सवारी आयकर तिरेको प्रमाण :-
क. सवारी आयकर बुझाएको कार्यालय :- ...........................................................
ख. मिति :-..........................................
ग. अवधि :- ...............................
३. सार्वजनिक सवारी भए बाटो ईजाजत लिएको प्रमाणपत्र :-

क. दिने कार्यालय :-............................................
ख. पाएको क्षेत्र :- ................................
ग. पाएको मिति :- ...............................
घ. अवधि :- .............................
४. संस्था/फर्म कम्पनीको नाम लेनदेन भएको भए सम्वन्धित पद :-
क. पत्र संख्या च.नं. :-...................................
ख. मिति :- .................................
५. बारेसनामा वा प्रतिनिधि तोकी आएको भए सो पत्र प्रमाण तथा नागरिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपी :-
६. नामसारीको लागि बुझाएको दस्तुरको रसिद नं. :- ..........................................
७. श्रम ऐन २०४८ को दफा ४७ को उपदफा (१) को खण्ड (क) बमोजिम सम्वन्धित कामदार वा कर्मचारीहरुलाई तिर्नुपर्ने रकम बुझाएको प्रमाण :-
८. अन्य प्रमाण :-
क. सवारी कागजात पत्र प्रमाणपत्र :-
ख. सवारी कागज प्रमाणपत्र

---

**कार्यालय प्रयोजनको लागि**

सवारी जाँचको प्रतिवेदन व्यहोरा
..................................................
सवारी जाँच्नेको सही

उपर्युक्त बमोजिम लेनदेन मञ्जुरी गरी मेरो रोहवरमा गरी सनाखत गरेको र उल्लेखित कागजातहरु समेत पेश गरिसकेको हुँदा नामसारी गरिदिनहुन पेश गरेको छु ।

फाँटवालाको सही :-
नाम :- ..............................मिती :-.........................................
नामसारी सदर गर्ने प्रमाणित गरिदिने अधिकारी सही :-
नाम,थर :- ............................................
मिति :- ...................................

**अनुसूची ५**

**(दफा १५ को उपदफा २ सँग सम्वन्धित)**

**<u>बाटो इजाजत प्रमाण पत्र</u>**

मिति-

प. स. :

चलानी नं. :

**<u>विषय : बाटो इजाजत सम्वन्धमा ।</u>**

श्री ........................................................................................

........................................................................................

प्रस्तुत विषयमा गुलरिया नगरपालिकको साना सवारी साधन (व्यवस्थापन तथा नियमन) कार्यविधि, २०७९ को दफा १५ को उपदफा २ वमोजिम तपाइलाइ तपशील वमोजिमको क्षेत्रमा सवारी साधन चलाउन पाउने गरी यो इजाजत पत्र प्रदान गरिएको छ । ट्राफिक नियमको पुर्ण पालना गरी सवारी साधन सञ्चालन गर्नुहोला ।

तपशील :

१. स्थान : ........................................................................... देखी ................................................................... सम्म

२. अवधि : ............................................................................................

...........................

**अनुसूची ६**

**(दफा १५ को उपदफा ३ सँग सम्वन्धित)**

**<u>पटके इजाजत पत्र</u>**

मिति-

प. स. :

चलानी नं. :

## विषय : पटके इजाजत सम्वन्धमा ।

श्री ..............................................................................................

..............................................................................................

प्रस्तुत विषयमा गुलरिया नगरपालिकको साना सवारी साधन (व्यवस्थापन तथा नियमन) कार्यविधि, २०७९ को दफा १५ को उपदफा ३ वमोजिम तपाइलाइ तपशील वमोजिमको क्षेत्रमा सवारी साधन चलाउन पाउने गरी यो पटके इजाजत पत्र प्रदान गरिएको छ । ट्राफिक नियमको पुर्ण पालना गरी सवारी साधन सञ्चालन गर्नुहोला ।

तपशील :

१. स्थान : .............................................................................. देखी ................................................................... सम्म

२. अवधि : .............................................................................. देखी ................................................................... सम्म

..............................

**वडा सचिव/राजस्व शाखा प्रमुख**

**प्रमाणीकरण मितिः२०७९/०९/२४**

**आज्ञाले**

**सुरेश सुनार**

**प्रमुख प्रशासकीय अधिकृत**